Date : 16th January 2026

आकाशवाणी

मुख्य समाचार

1. प्रधानमन्त्री नरेन्द्र मोदी भोलिदेखि असम र पश्चिम बंगालको दुई दिने भ्रमणमा हुनुहुनेछ।

2. प्रधानमन्त्री नरेन्द्र मोदीले आज भन्नुभयो कि स्टार्टअप इन्डिया कार्यक्रम केवल एउटा योजना मात्र नभई "इंद्रधनुषी दृष्टि' हो जसले विविध क्षेत्रहरूलाई नयाँ अवसरहरूसँग जोड्छ। नयाँ दिल्लीमा राष्ट्रिय स्टार्टअप दिवसमा स्टार्टअप इन्डियाको एक दशकको अवसरमा आयोजित कार्यक्रमलाई श्री मोदीले सम्बोधन गर्दै हुनुहुन्थ्यो।

3. विदेशमन्त्री डा. एस जयशंकरले विगत दुई दशकमा भारत र जापानले आफ्नो सम्बन्धलाई पूर्णतया आर्थिक सम्बन्धबाट व्यापक र रणनीतिक साझेदारीमा सफलतापूर्वक रूपान्तरण गरेको बताउनु भएकोछ। उहाले आज नयाँ दिल्लीमा आफ्ना जापानी समकक्षी तोशिमित्सु मोटेगीसँग वार्ता गर्नुभयो ।

4. विदेश मन्त्रालयले भनेको छ कि भारतले इरानको विद्यमान अवस्थालाई नजिकबाट नियालिरहेको छ। र

5. महिला प्रिमियर लिग (WPL) क्रिकेटमा, गुजरात जायन्ट्सले आज नवी मुम्बईको डा. डीवाई पाटिल स्पोर्ट्स एकेडेमीमा तालिकाको शीर्ष स्थानमा रहेको रोयल च्यालेन्जर्स बेंगलुरुसँग खेल्नेछ ।

---------

## भारत-जर्मनी - जेडीआई

भारत र जर्मनीले दूरसञ्चार सहयोग सम्बन्धी संयुक्त आशय घोषणापत्रमा हस्ताक्षर गरेका छन्। सञ्चार मन्त्रालयले जानकारी दिएको छ कि दुवै पक्षले नियमित सूचना आदानप्रदान र उत्कृष्ट अभ्यासहरू, उदीयमान र भविष्यका प्रविधिहरूमा सहकार्यको प्रवर्धन, र नीति एवम् नियामक ढाँचा, निर्माण, दूरसञ्चार र सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा व्यापार गर्न सजिलो हुने गरि संयुक्त प्रयासहरू मार्फत सहयोग बढाउन सहमत भएका छन्। संघीय गणतन्त्र जर्मनीका संघीय चान्सलर फ्रेडरिक मर्जको यस महिनाको 12 देखि 13 तारिखसम्म भारतको आधिकारिक भ्रमणको क्रममा घोषणापत्रमा हस्ताक्षर गरिएको थियो।

---

## प्रधानमन्त्री-आसाम भ्रमण

प्रधानमन्त्री नरेन्द्र मोदी भोलिदेखि असम र पश्चिम बंगालको दुई दिने भ्रमणमा हुनेछन् । आफ्नो भ्रमणको पहिलो दिन, प्रधानमन्त्री बोडो समुदायको समृद्ध सम्पदाको उत्सव मनाउने ऐतिहासिक सांस्कृतिक कार्यक्रम बागुरुम्बा Dwhou 2026 मा भाग लिनुहुनेछ। आइतबार, श्री मोदीले 6 हजार 950 करोड रुपैयाँभन्दा बढीको काजीरंगा एलिभेटेड करिडोर परियोजनाको भूमिपूजन गर्नुहुनेछ। उहाँले गुवाहाटी (कामाख्या)-रोहतक र डिब्रुगढ-लखनऊ (गोमती नगर) बीच चल्ने दुई नयाँ अमृत भारत एक्सप्रेस रेलहरूको पनि उद्घाटन गर्नुहुनेछ। यी नयाँ रेल सेवाहरूले पूर्वोत्तर र उत्तरी भारत बीच रेल सम्पर्कलाई बलियो बनाउनेछन्, जसले गर्दा मानिसहरूले सुरक्षित र सुविधाजनक यात्रा गर्न सक्नेछन्।

---

## DGCA-INDIGO फिर्ता

नागरिक उड्डयन महानिर्देशनालयले आज जानकारी गराए अनुसार, डिसेम्बर-3 देखि 5 दिलेम्वर सम्मका रद्द गरिएका सबै इन्डिगो उडानहरुको refund अर्थात् फिर्ताहरू संबंधि प्रक्रिया पूर्ण रूपमा पुरा भएको छ र यसलाई जारी गरिएको छ। यसअघि, इन्डिगोले यस महिनाको 3, 4 र 5 तारिखमा एयरलाइनको परिचालन-अवरोधका कारण प्रभावित ग्राहकहरूलाई 10 हजार रुपैयाँ क्षतिपूर्ति दिने घोषणा गरेको थियो।

---

## जयशंकर-जापान

विदेशमन्त्री डा. एस जयशंकरले विगत दुई दशकमा भारत र जापानले आफ्नो सम्बन्धलाई पूर्ण रूपमा आर्थिक सम्बन्धबाट व्यापक र रणनीतिक साझेदारीमा सफलतापूर्वक रूपान्तरण गरेको बताउनु भएकोछ। डा. जयशंकरले आज नयाँ दिल्लीमा जापानका आफ्ना समकक्षी तोशिमित्सु मोतेगीसँगको वार्ताको उद्घाटन सत्रमा यी टिप्पणीहरू गर्नुभयो। डा. जयशंकरले

भारतको महासागर पहल र हिन्द प्रशान्तको लागि दृष्टिकोण, जापानको स्वतन्त्र र मुक्त हिन्द प्रशान्तको दृष्टिकोण अनुरुप भएको कुरामा प्रकाश पार्नुभयो। विदेशमन्त्रीले थप भन्नुभयो कि दुवै देश आपूर्ति शृङ्खला, महत्वपूर्ण खनिज पदार्थ र ऊर्जा, स्वास्थ्य तथा समुद्री सुरक्षाका क्षेत्रमा सहयोग लगायत विभिन्न द्विपक्षीय मुशहरूमा छलफल गर्न तत्पर छन् ।

### सिक्किम्मा स्टार्टअप: पियुष गोयल

कार्यक्रमलाई सम्बोधन गर्दै केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले भन्नुभयो, स्टार्टअपहरू अहिले देशको हरेक कुनामा छन्, जसमध्ये लगभग 50 प्रतिशत टियर-२ र टियर-३ शहरहरूबाट आएका छन्, जसले स्टार्टअप क्रान्ति वास्तवमै भारतीय आन्दोलन बनेको देखाउँछ। उहाले सिक्किममा स्टार्टअपहरूको प्रशंसनीय काम र आधुनिक खेती प्रविधिहरू परिचय गराउन असममा चिया खेती गर्नेहरू र युवाहरू बीचको सहकार्यलाई उल्लेख गर्दै पूर्वोत्तर क्षेत्रलाई एक प्रमुख उदाहरणको रूपमा उद्धृत गर्नुभयो।

---

### प्रधानमन्त्री नरेन्द्र मोदी भोलिदेखि पश्चिम बंगाल र असमको दुई दिने भ्रमणमा

प्रधानमन्त्री नरेन्द्र मोदी भोलिदेखि पश्चिम बंगाल र असमको दुई दिने भ्रमणमा हुनुहुनेछन्। आफ्नो भ्रमणको पहिलो दिन, प्रधानमन्त्रीले मालदा शहर रेलवे स्टेशनमा हावडा र गुवाहाटी (कामाख्या) बीचको भारतको पहिलो वन्दे भारत स्लीपर ट्रेन र गुवाहाटी (कामाख्या)-हावडालाई भर्चुअल रूपमा झण्डा देखाउनुहुनेछ। आधुनिक भारतको बढ्दो यातायात आवश्यकताहरू पूरा गर्न विकसित गरिएको, पूर्ण वातानुकूलित वन्दे भारत स्लीपर ट्रेनले यात्रुहरूलाई किफायती भाडामा एयरलाइन्स जस्तो यात्रा अनुभव प्रदान गर्ने तयारी गरेको छ। यसले लामो दूरीको यात्रालाई छिटो, सुरक्षित र सुविधाजनक बनाउनेछ। उहाँले पश्चिम बंगालको मालदामा एक सार्वजनिक समारोहमा तीन हजार दुई सय पचास करोड रुपैयाँभन्दा बढी मूल्यका धेरै रेल र सडक पूर्वाधार परियोजनाहरूको शिलान्यास पनि गर्नुहुनेछ । प्रधानमन्त्रीले पश्चिम बंगालमा चार प्रमुख रेलवे परियोजनाहरूको शिलान्यास पनि गर्नुहुनेछ ।

---

### MEA- इरान

विदेश मन्त्रालयले भनेको छ कि भारतले इरानको विद्यमान अवस्थालाई नजिकबाट नियालिरहेको छ। नयाँ दिल्लीमा एक मिडिया ब्रीफिंगको क्रममा, विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले भने कि भारत त्यो देशमा बस्ने भारतीय नागरिकहरूको हितमा आवश्यक पर्ने कुनै पनि कदम चाल्न प्रतिबद्ध छ। श्री जयसवालले भने कि हालका दिनहरूमा, इरानको अवस्थालाई ध्यानमा राख्दै, विदेश मन्त्रालयले भारतीयहरूलाई इरान भ्रमण नगर्न र इरानमा रहेकाहरूलाई फर्कन सल्लाह दिने केही परामर्शहरू जारी गरेको छ।

### प्रधानमन्त्री स्टार्टअप

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भन्नुभयो कि स्टार्टअप इन्डिया कार्यक्रम केवल एउटा योजना मात्र नभई "इंद्रधनुषी दृष्टि' हो जसले विविध क्षेत्रहरूलाई नयाँ अवसरहरूसँग जोड्छ। नयाँ दिल्लीमा राष्ट्रिय स्टार्टअप दिवसमा स्टार्टअप इन्डियाको एक दशकको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै श्री मोदीले भन्नुभयो कि स्टार्टअप इन्डिया मिसन केवल दश वर्षमा एक क्रान्ति बनेको छ, जसले देशभरि नयाँ संस्कृतिलाई बढावा दिएको छ। उहाले भन्नुभयो, भारत विश्वको तेस्रो ठूलो स्टार्टअप इकोसिस्टम हो। भारतका युवाहरू वास्तविक समस्याहरू समाधान गर्नमा केन्द्रित छन्भन्दै, प्रधानमन्त्रीले युवा नवप्रवर्तकहरूलाई नयाँ सपना देख्ने साहसको लागि प्रशंसा गर्नुभयो। प्रधानमन्त्रीले स्टार्टअप इकोसिस्टममा महिलाहरूको भूमिकाको पनि प्रशंसा गर्दै, भारतमा मान्यता प्राप्त 45 प्रतिशतभन्दा बढी स्टार्टअपहरूमा कम्तिमा एक महिला निर्देशक वा साझेदार रहेको उल्लेख गर्नुभयो।

यस अवसरमा, श्री मोदीले कार्यक्रममा प्रदर्शनी क्षेत्रको पनि भ्रमण गर्नुभयो र प्रदर्शकहरूसँग अन्तरक्रिया गर्नुभयो।

---